# मिथिला नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

ढल्केवर, धनुषा

प्रदेश नं. २, नेपाल


प.सं. २०७८/७९

चलानी नं. - १०१ मिति - २०७८।०९।२६

श्री सबै सम्बन्धित विद्यालयहरू,
मिथिला नगरपालिका, धनुषा।

**विषय - विद्यालय सञ्चालन/थप कक्षा अनुमति सम्बन्धमा।**

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७९ का लागि विद्यालय सञ्चालन तथा थप कक्षा अनुमति लिन इच्छुक सामुदायिक तथा संस्थागत विद्यालयहरूले मिथिला नगरपालिका विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको कार्यविधि २०७७ को दफा ४ बमोजिमको पूर्वाधार पुरा गरी दफा ३ को ढाँचामा देहायको कागजात सहित माघ १० सम्म यस कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. कार्यालयको राजस्व शाखाको भौचर।
२. वडा कार्यालयको सिफारिस।
३. नजिकको समान तहको २ वटा सामुदायिक विद्यालयको सिफारिस।
४. विद्यालय व्यवस्थापन समितिको निर्णय।
५. तल्लो कक्षाको अनुमति पत्रको प्रतिलिपी।
६. कम्तिमा ३ वर्षसम्म निजीश्रोतमा सञ्चालन गर्ने वि.व्य.स.को प्रतिबद्धता (सामुदायिकको हकमा)।
७. शैक्षिक नक्सा।
८. शिक्षक नियुक्ति तथा शैक्षिक योग्यताको प्रतिलिपी (नियमावली अनुसार)
९. जग्गाधनी प्रमाण पूर्जा (सामुदायिकको हकमा)।
१०. कम्पनीको प्रमाण-पत्र, प्रबन्ध पत्र, विनियमावलीको प्रतिलिपी (संस्थागतको हकमा)।
११. कक्षा १ सञ्चालन गर्नको लागि शैक्षिक गुठीमा दर्ता भएको विधानको प्रतिलिपी (संस्थागतको हकमा)।
१२. विद्यालयको प्रस्तावना पत्र, पञ्चवर्षीय कार्ययोजना, विद्यालय सुधार योजना।
१३. पाठ्यपुस्तक तथा शूल्क विवरण, कर चुक्ता प्रमाण पत्र (संस्थागतको हकमा)।
१४. घर भाडामा भए जग्गा धनीको प्रमाण पूर्जा र सम्झौताको प्रतिलिपी (संस्थागतको हकमा)।

बोधार्थ

श्री सूचना प्रविधि शाखा वेवसाइट तथा फेसवुक पेजमा अपलोड गर्नु हुन।

सीता कुमारी काफ्ले
शाखा अधिकृत

Email Address- mithilaedu2074@gmail.com, Facebook page -MinapaShikshaShakha